हेटौंडा उपमहनगरपालिका

# हेटौंडा राजपत्र

हेटौडा उपमहानगरपालिकाद्धारा प्रकाशित

**खण्डः ३** **संख्याः ३** **मितिः २०७६/०९/०३**

## भाग-३

# अनुदानमा पशु विमा सेवा संचालन तथा व्यवस्थापन निर्देशिका, २०७६

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्र बसोवास गरी पशुपालनमा संलग्न रहेका कृषकहरुले पालि आएका पशुहरुको अचानक हुने मृत्युको क्षति बाट जोगाई आर्थिक नोक्सानी न्यूनीकरण गर्ने उद्देश्यका साथ पशु विमा गर्दा लाग्ने कुल विमाङ्क प्रिमियम (१००%) रकममा कृषकले व्यहोर्ने कुल विमाङ्क प्रिमियम रकमको १२.५% (प्रतिशत) रकम अनुदान यस उपमहानगरपालिकाबाट कृषकहरुलाई अनुदान स्वरुप उपलब्ध गराई गाई, भैंसी, बाखा तथा बंगुरहरुलाई विमा गरी उनीहरुको आर्थिक तथा सामाजिक हैसियत सबल तथा सक्षम बनाउन उपमहानगरपालिकाको तर्फवाट कुल विमाङ्क प्रिमियम रकमको १२.५% (प्रतिशत ) अनुदानमा पशु विमा सेवा सञ्चालन

तथा व्यवस्थापन गर्न कृषकलाई पशुपालन व्यवसायमा जोखिम वहन गर्न सक्षम बनाउन वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाले यो निर्देशिका बनाई लागू गरेको छ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) संक्षिप्त नाम : यस निर्देशिकाको नाम **अनुदानमा पशु विमा निर्देशिका, २०७६** रहनेछ।

ख) यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

## २. परिभाषा :

क) **अनुदानमा पशु विमा निर्देशिका, २०७६"** भन्नाले हेटौंडा उपमहानगरपालिकाबाट कृषकले व्यहोर्ने कुल विमाङ्क प्रिमियम रकमको १२.५% रकमलाई जनाउनेछ।

ख) "कार्यपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई जनाउनेछ।

ग) "पशु विमा" भन्नाले सरकारी मान्यता प्राप्त बिमा कम्पनी वा सहकारी संस्था मार्फत गरिने पशुधन सुरक्षा (लघु बिमा) कार्यक्रम मार्फत गरिने बिमा समेतलाई जनाउनेछ।

## परिच्छेद २

**३. शर्त तथा भुक्तानी विधि :**

**१. अनुदानमा पशु विमा सेवा संचालन तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्चालन तथा भुक्तानी विधिः**

क) कुनै पनि कृषकको पशु (गाई, गोरु, भैंसी, राँगा, बाख्रा, बोका र वीर, भुनि बंगुर) मा विमा सेवा गराएको पशुको पहिचान खुल्ने पशु पहिचान पट्टा (Tag Number), सेवा प्राप्त कृषकको सम्पर्क नं., सेवा उपलब्ध गराएको मिति तथा आवश्यक विवरणहरु पूर्ण रुपमा उल्लेख गरी अनुसूची १ बमोजिम पेश गर्नु पर्नेछ।

ख) पशुपालक कृषक हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रको हुनु पर्नेछ।

ग) पूर्व विमा गरिएका पशु भएमा यो सेवा लिन पुनः नवीकरण गरेको हुनु पर्दछ।

घ) सम्बन्धित सेवा केन्द्र तथा वडा कार्यालयको सिफारिसमा अनुदान वापतको रकम बिमा कम्पनी वा सहकारी संस्थालाई भुक्तानी दिईनेछ।

ङ) विमा गर्दा लाग्ने विमाङ्क प्रिमियम रकमको अनुदान रकम सरकारी मान्यता प्राप्त बिमा कम्पनी, सहकारी संस्था वा सूचीकृत बिमा अभिकर्तालाई उपलब्ध गराईने छ।

च) मान्यता प्राप्त विमा कम्पनिबाट विमा अभिकर्ता तालिम लिई यस कार्यालयमा विमा अभिकर्ता सुचिकृत भएको हुनु पर्नेछ । बिमा अभिकर्ताले उक्त कार्यमा सहजीकरण गर्न सक्नेछन् । तर बिमा अभिकर्तालाई कुनै किसिमको आर्थिक सुविधा उपलब्ध गराइने छैन ।

छ) विमित पशुको कुनै कारणवस मृत्यु भएमा सो को जानकारि सम्बन्धित सेवा केन्द्रमा विमा अभिकर्ताले अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ ।

ज) विमा अनुदान सेवा उपलब्ध गराए बापतको रकम यस कार्यालयबाट उपलब्ध गराईनेछ ।

झ) विमा अभिकर्ताले सेवा उपलब्ध गराए बापतको रकम भुक्तानी लिंदा एउटै पशुमा एक पटक भन्दा बढी सेवा पुऱ्याए बापतको भुक्तानी उपमहानगरपालिकाबाट गरिने छैन । तर झुक्याई भुक्तानी लिएमा, नक्कली कागजात बनाई भुक्तानीका लागि पेश गरेमा सम्बन्धित् पशु विमा अभिकर्ता, कम्पनी तथा सहकारी संस्था स्वयं जवाफदेही हुनेछ र निज अभिकर्ता भएमा निजले पुनः कुनै पशुको विमा गरेमा भुक्तानी यस कार्यालयबाट उपलब्ध गराईने छैन साथै निजको सूचीकरण रद्ध गरी निजले पाउने भुक्तानी रोक्का राखी उपमहानगरपालिकाको निर्णयानुसार आवश्यक कारबाही गरिनेछ ।

ञ) विमा अनुदानको विमाङ्क प्रिमियम रकम लिंदा सहकारी संस्था तथा कम्पनीले विमा गरेको १५ दिन भित्रमा यस कार्यालयमा आवश्यक कागजागत सहित जानकारी गराउनु पर्नेछ ।

ट) विमा रकम दाबी गर्न आउदा विमित पशुको संकेत पट्टा (Tag Number), स्पष्ट देखिने फोटो सहित आउनु पर्नेछ ।

## परिच्छेद ३

### ४ .कार्यक्रमको खर्च :

क) हेटौंडा उपमहानगरपालिका भित्रका गाई/भैंसी/बाखा/वंगुरमा अनुदानमा विमा सेवा संचालन कार्यको लागि आवश्यक वजेट व्यवस्था हेटौंडा उपमहानगरपालिकाले गर्नेछ ।

ख) कार्यक्रमको उपमहानगरपलिकाको अधिकार प्राप्त अधिकारीबाट अनुगमन हुनेछ ।

### ५. थपघट वा हेरफेर गर्न सक्ने :

क) यो निर्देशिका कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरकार्यपालिकाले आवश्यकता अनुसार यस निर्देशिकामा केही थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।
ख) यो निर्देशिका कार्यान्वनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरकार्यपालिकाको कार्यालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

**<u>अनुसुचि १</u>**

हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय हेटौंडा, मकवानपुर

विमा प्राबिधिक/अभिकर्ता /सहकारी संस्था वा कम्पनीको नामः–

| क.स | पशु धनीको नाम थर | मिति | ठेगाना | फोन नं/ मोवाईल नं | पशुको जात | विमा संकेत नं. | पशुको रंग | कृषकको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |

.........
**पेश गर्ने**

..........
**रुजु गर्ने**

.........
**प्रमाणित गर्ने**

हेटौंडा नगर

**<u>अनुसुची २</u>**

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, हेटौंडा, मकवापुर
विमा अभिकर्ताको निवेदन

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवापुर

**विषय**: विमा अभिकर्ता सुचिकृत हुन पाउँ।

महोदय,
मलाई हेटौंडा उपमहानगरपालिका बाट अनुदानमा विमा सेवा संचालन सम्बन्धी अभिकर्ताको रुपमा कार्य गर्न ईच्छा भएकाले तपशिल अनुसारको कागजात राखि यो निवेदन पेश गर्दछु।

तपशिलः
१. मान्यता प्राप्त विमा कम्पनिबाट विमा अभिकर्ता तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि।
२. एस.एल.सी/एस.ई.ई. तथा जे.टी./जे.टी.ए. प्रमाणपत्रको प्रतिलिपि।
३. नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपि।

<u>निवेदकको</u>
नामः
दस्तखतः
ठेगानाः
मोवाईल नंः